**नगर कार्यपालिका बैठक** **मितिः २०८०।४।३१ गते बुधवार**

**प्रस्तावनाहरुः**

१. बोलपत्र आव्हानको सूचना प्रकाशन गर्ने सम्बन्धमा ।

२. लघु उद्यम विकास कार्यक्रम संचालन सम्बन्धमा ।

३. खासस्व योजना स्वीकृत गर्ने सम्बन्धमा ।

४. काजफिर्ता सम्बन्धमा ।

५. स्थानीय पत्रपत्रिकामा सूचना प्रकाशन सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१.** प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व.को स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरु मध्ये पूर्वाधार विकास समितिको सिफारिस बमोजिम तपसिलका योजनाहरुको बोलपत्र आव्हानको सूचना (e-bidding मात्र) प्रकाशन गर्ने निर्णय गरियो।

**तपसिलः**

**निर्णय नं.२.** प्रस्ताव नं. २ माथि छलफल गर्दा गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत ससर्त अनुदान तर्फ विनियोजित बजेट रु.८,६०,०००।०० र नगरपालिका तर्फबाट विनियोजित बजेट रु.१०,००,०००।०० गरी जम्मा रकम रु.१८,६०,०००।०० लाई गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम तपसिल अनुसार बाँडफाँड गरी वडा नं. ६,८ र ९ मा संचालन गर्ने र उद्यमीहरुको स्तरोन्नति र समुहमा प्रविधि हस्तान्तरण कार्यक्रम वडा नं. ७ र १० मा संचालन गर्ने निर्णय गरियो ।

| क.सं. | क्रियाकलापहरु | लक्ष्य | बजेट प्रतिशत | रकम रु. | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १. | उद्यम विकासका लागी सामाजिक परिचालन | १०५ जना | ४% | ७४४०० | उद्योग तथा व्यवसाय प्रवर्द्धन उपशाखा र फोकल पर्सन |
| २. | उद्यमशिलता विकास तालिम | १०५ जना | १०% | १८६००० | |
| ३. | प्राविधिक सिप विकास तालिम | १०५ जना | ४५% | ८३७००० | |
| ४. | प्रविधि हस्तान्तरण | १०५ जना | ३५% | ६५१००० | |
| ५. | वित्तीय सेवामा पहुँच | १०५ जना | ३% | ५५८०० | |
| ६. | बजारीकरणमा सहयोग | १०५ जना | ३% | ५५८०० | |
| | **जम्मा रकम** | | | १८,६०,०००।०० | |
| ७. | उद्यम विकास सहजकर्ता परिचालन | २ जना | नगरपालिकाको कर्मचारी पारिश्रमिक शिर्षकबाट व्यहोर्ने | | |
| ८. | उद्यमीहरुको स्तरोन्नति ( पुनर्ताजगी तथा एडभान्स सिप विकास तालिम ) | २० जना | १००% | २००,०००। | |
| ९. | समुहमा प्रविधि हस्तान्तरण | २ समुह | १००% | १४०,०००। | |

**निर्णय नं.३.** प्रस्ताव नं. ३ माथि छलफल गर्दा इनरवा नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता (खासस्व) योजना (२०२२-२०३०) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.४.** प्रस्ताव नं. ४ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १९१ मिति २०७८।८।२० को पत्रबाट सौरभ निरौला, इन्जिनियर, अधिकृत स्तर छैठौंलाई इनरवा नगरपालिकामा कामकाज गर्न खटाइएकोमा निज सौरभ निरौलाले यस कार्यालयमा मिति २०८०।४।२१ गते काज फिर्ताको लागि निवेदन पेश गरेको हुँदा निजलाई छिपरमाई गाउँपालिका, पर्सामा काज फिर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं.५.** प्रस्ताव नं. ५ माथि छलफल गर्दा इनरवा नगरपालिकाको एघारौं नगर सभाले आ.व. २०८०/०८१ मा नगरपालिकाको सूचना, विज्ञापन तथा अन्य सन्देश मुलक सामाग्रीहरु प्रकाशन तथा प्रशारण गर्दा स्थानीय संचार माध्यमहरुलाई प्राथमिकता दिने निर्णय गरेकोले नगरपालिका कार्यालय र वडा कार्यालयहरुले जारी गर्ने विभिन्न किसिमका सन्देश मुलक सूचनाहरु (दैनिक पत्रिकाले मासिक कम्तिमा २० अंक प्रकाशन गर्नु पर्ने), शुभकामना सन्देशहरु, बोलपत्र आव्हान सम्बन्धि सूचना, अन्य विविध सूचनाहरु चालु आ.व.को असार मसान्त सम्मको लागि प्रकाशन तथा प्रशारण गर्न/गराउन संस्थाको ठेगाना इनरुवा रहेका तपशिलका संचार माध्ययमहरुलाई तपसिल बमोजिमको रकममा नबढ्ने गरी सम्झौता गरी कार्य गर्न नगरपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**<u>तपसिलः</u>**

| **क्र.स.** | **संचार माध्यमको नाम** | **रकम रु.** |
|---|---|---|
| १ | वर्णमाला दैनिक पत्रिका, इनरुवा | १,५०,०००।०० |
| २ | प्रतिक्षण दैनिक पत्रिका, इनरुवा | १,५०,०००।०० |
| ३ | जनशताब्दि दैनिक पत्रिका, इनरुवा | १,५०,०००।०० |
| ४ | पपुलर एफ.एम., इनरुवा | ७५,०००।०० |
| ५ | सत्य संसार साप्ताहिक पत्रिका, इनरुवा | ५०,०००।०० |
| ६ | बलाहा साप्ताहिक पत्रिका, इनरुवा | ५०,०००।०० |
| ७ | भुकम्प साप्ताहिक पत्रिका, इनरुवा | ५०,०००।०० |
| ८ | इनरुवा टाईम्स | ५०,०००।०० |
| ९ | इनरुवा अनलाईन | ३०,०००।०० |
| १० | बबिया मिडिया प्रा.लि. | ३०,०००।०० |
| | **जम्मा** | **७,८५,०००।००** |